

# विकास तबसम्म सफल र पूर्ण हुँदैन जबसम्म त्यहाँ प्रेम हुँदैन:

## रेभ. फादर बर्न्स

■ निशेष खवास

दार्जीलिङ, १३ अगस्त: आज शिक्षाविद् एवं समाजसेवी रेभ. फादर ईपी बर्न्सको यहाँको लरेटो प्रेक्षागृहमा पूजा गरियो। गाम्मा प्रकाशन, दार्जीलिङले फादर बर्न्सको समाजसेवाको कदर गर्दै एक समारोहमा हार्दिक सम्वर्द्धना जनायो। गाम्मा प्रकाशनले प्रकाशित गरेको लेखक जीवन लाबरको कृति 'केही राजनैतिक व्यक्तिहरू' को लोकार्पण समारोहमा फादर बर्न्सलाई गाम्मा प्रकाशनको पक्षबाट सपना छेत्रीले अभिनन्दन-पत्रसहित दोसल्ला ओढ़ाएर सम्वर्द्धना जनाइन्। २६ अप्रेल १९२५ क्यानाडामा जन्मेका फादर बर्न्स १९५१ मा दार्जीलिङ आएका हुन्।

खरसाङको सन्त अल्फन्सस, यहाँको सन्त रोबर्ट्स र अन्त्यमा सन्त जोसेफ कलेजमा शिक्षण सेवा गरिसकेका फादर बर्न्सले बजारबीचको हेडेन हल (कम्युनिटी विकास शिक्षा केन्द्र) सन् १९६९ मा स्थापना गरेका हुन्। उनकै निर्देशनमा हेडने हलमा प्रौढ़ शिक्षा, रात्रि कलेज, चिकित्सालय, छात्रवृति, ट्यूशन, स्वरोजगारको निम्ति सिलाइ-बुनाइजस्ता समाजोपयोगी कार्यहरू निरन्तर चलिरहेछ। १९७३ को बजारमा भएको भीषण आगलागी काण्डमा पीड़ितहरूको निम्ति सिंहमारीमा आवासको प्रबन्ध गर्ने उनै फादर बर्न्स थिए। शहरवासीकै आँखाअघि ओझेलप्राय: रहेका फादर बर्न्सलाई आज गाम्मा प्रकाशनले सम्वर्द्धना जनाएर एकजना महान् व्यक्तित्वलाई प्रकाश पार्‍यो। फादर बर्न्सलाई हेर्दा होइन तर उनको निस्वार्थ योगदानलाई हेर्दा एक साक्षात् भगवानको पूजा भइरहेको उपस्थित समूहले अनुभव गरे। व्यक्तिको विचारधाराको परिचय उनको बोलीले दिन्छ भने झैं यस अवसरमा फादर बर्न्सले व्यक्त गरेका अभिव्यक्तिले उनको व्यक्तित्व मानिसहरूले जान्न पाए। उनले भने- मानिसको हितको निम्ति गरिने कार्यनै विकास हो। मैले पनि मानिसको भलाइमा सघाउ पुर्‍याएको मात्र हुँ। तर विकास तबसम्म सफल र पूर्ण हुँदैन जबसम्म त्यहाँ प्रेम हुँदैन। जहाँ प्रेम हुन्छ त्यहाँ मात्र विकास सम्भव हुन्छ। प्रेम गीतमा हुन्छ, कवितामा हुन्छ तर व्यावहारिकतामा प्रेम छैन भने त्यो प्रेम नक्कली हुन्छ। उनले भने- सेवानै मेरो जीवन हो। मलाई सम्मान नगर्दा पनि हुन्थ्यो। किनभने मैले आम मानिसले गर्ने र गर्नुपर्ने कामनै गरेको छु।

जन्म र जातले क्यानाडियन फादर बर्न्स खाँटी दार्जीलिङे भएर आफ्नो जीवन गरीबगुर्बाको उत्थानमा अर्पेका छन्। ८१ वर्षको उमेरमा पनि प्रेम र कर्ममा सार्थक तन्नेरी बँचाइ बाँचिरहेका छन् उनले। सम्मान होइन अझै दुईतीन वर्ष आयुदानको प्रार्थना परमेश्वरप्रति गरिमाग्ने फादर बर्न्स दुईतीन वर्षभित्रमा भगवानकै प्रतिमूर्तिको रूपमा उभिनेछन्- उनको कर्म र अभिव्यक्तिको सार यस्तै थियो।



रेभ. फादर ई. पी. बर्न्स।

## TRANSLATION:

Darjeeling, 13 Aug, 2006

### FATHER E.P. BURNS HONOURED FOR HIS CONTRIBUTION TO HUMANITY AND SOCIAL SERVICE

Darjeeling, 13 August: Renowned educationist and social worker Father Edgar Peter Burns was honoured at a special programme held at Loreto Hall in Darjeeling in recognition of his lifelong contribution to education, community welfare, and humanitarian service.

The felicitation was organized by Gamma Publication during the release ceremony of the book Kehi Rajnaitik Byaktiharu written by Jeevan Labar. On behalf of the publication, Sapna Chettri presented Father Burns with a traditional shawl and a felicitation letter.

Born in Canada on 26 April 1925, Father Burns arrived in Darjeeling in 1951 and served in institutions including St. Alphonsus School, St. Robert's School, and St. Joseph's College. In 1969, he established Hayden Hall Institute, which has continued to provide community development programmes such as adult education, night college, healthcare services, scholarships, tuition support, and vocational training for self-employment.

Father Burns was also remembered for his humanitarian efforts during the devastating market fire of 1973, when he helped arrange housing facilities for affected families in Singamari.

Addressing the gathering, Father Burns stated that true development is only possible when guided by love and compassion. He emphasized that service to humanity has always been the purpose of his life and expressed humility in receiving the honour, saying that he had simply carried out the responsibilities every human being should fulfill.

Even at the age of 81, Father Burns continued to inspire people through his dedication, humility, and unwavering commitment to the welfare of the poor and marginalized communities of Darjeeling.